Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल महाभूकम्प २०७२ अपडेट : आठौं दिन
मिति : ०७२ वैशाख १९
अन्तिम अपडेट : २३:०० बजे

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,०४०
घाइते : १४,१२३

## उद्धारपछि बल्ल राहतमा सरकारको ध्यान



सिन्धुपाल्चोकमा भूकम्पपीडितको तथ्याङ्क संकलन प्रक्रिया अनुगमन गर्दै इन्सेक टोली । फोटोः विमलचन्द्र शर्मा

महाभूकम्पबाट पीडित भएकाहरूको उद्धारपछि मात्र विभिन्न जिल्लामा स्थानीय प्रशासनहरू राहत वितरणमा लागेको इन्सेक प्रतिनिधिहरूले जनाएका छन् । सिन्धुली, नुवाकोट जिल्लामा भूकम्पपीडितको उद्धार कार्य सम्पन्न भएपछि जिल्ला विपद व्यवस्थापन समिति राहत वितरणमा लागेको छ । नुवाकोटमा पहिलो चरणको राहत सामग्री वितरण सुरु भए पनि मदानपुर, चाउथे, पञ्चकन्या, सुनखानी र चतुरा गाविसमा अझै राहत पुग्न सकेको छैन । ओखलढुङ्गामा भूकम्पले पुऱ्याएको क्षतिबारे विवरण सङ्कलन तथा राहत वितरण गर्न गाउँ पठाइएका सचिवहरू सदमुकाम नै बसेको पाइएको छ । स्थानीय बासिन्दासँग टेलिफोनमा क्षतिको विवरण मागेर जिल्ला दैवी प्रकोप उद्धार समितिमा पेश गरे पनि गाउँ गएका छैनन् । सचिव गाउँ नजाँदा राहत वितरण हुन सकेको छैन । इन्सेकको अनुगमनमा काठमाडौंकै लप्सीफेदी, जैरसिंहपौवा, नाइलेभार क्षेत्रमा भूकम्प प्रभावितहरूलाई राहत वितरण गर्ने कार्यमा राज्यको उपस्थिति पाइएन । सिन्धुपाल्चोकका अधिकांश बस्तीहरूमा सरकारीस्तरबाट राहात सामग्री नबाँडिएकोमा सर्वसाधारणमा आक्रोस र चिन्ता देखिएको छ । काठमाडौंमा भत्किएका घरहरूबाट शव निकाल्ने र जीवितै उद्धार गर्ने कार्य जारी रहेको छ भने नजिकैका कतिपय गाँउहरूमा अझैसम्म पनि भूकम्प उद्धार टोली पुग्न सकेको छैन । यसैगरी, रसुवाको मैलुंग र लाइटाङमा पनि उद्धार कार्य हुन सकेको छैन ।

### उल्लेख्यः

- वैशाख १९ गते बिहान ११:२५ बजे गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर ५.१ रेक्टर स्केलको भूकम्प आएपछि बारपाकका स्थानीय पुनः त्रसित भएका छन् । भूकम्पकै कारण बारपाक गाउँबाट दुई किलोमिटर माथिको डाँडो र गाउँनजिकै पहिरो गए पनि त्यसबाट कुनै क्षति भएन ।
- संयुक्त राष्ट्रसंघीय उप-महासचिव भ्यालरी आमोस र इयुका मानवीय सहायता तथा विपद् व्यवस्थापन आयुक्त क्रिसटोस स्टाइलियानिड्सले प्रधानमन्त्री सुशील कोइरालालाई भेट गरी नेपाललाई यस विषम

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

परिस्थितिमा अन्तराष्ट्रिय समुदायले सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् । आफ्नो संयुक्त नेपाल भ्रमणको अन्त्यमा प्रेस वक्तव्य जारी गर्दै राष्ट्रसंघीय र इयु सहायता प्रमुखहरूले विशेष गरी दुर्गम भेगका लाखौं जनतालाई तत्काल आपतकालीन शिविरको व्यवस्था गर्नु पर्नेमा जोड दिए ।

- भूकम्पपछि जिल्ला बाहिर रहेका रोल्पालीहरू परिवारको सम्पर्कमा नआएको भन्दै उनीहरूको खोजतलासका लागि जिल्ला दैवी प्रकोप उद्धार समिति रोल्पाले एक टोली प्रभावित क्षेत्रमा पठाएको छ ।
- रसुवा जिल्लामा १२ सय घर धुरी रहेकोमा एक प्रतिशत घरहरूमात्र बाँकी रहेको र अन्य सबै घरहरू ध्वस्त भएका छन् । लाङटाङ क्षेत्रमा स्वदेशी, विदेशी, र स्थानीय गरी ३ सय जना हालसम्म बेपत्ता छन् भने मैलुंगमा ३६ र टिमुरेमा २० जना बेपत्ता छन् ।
- काठमाडौंको लप्सीफेदी, जैरसिंहपौवा, नाङ्लेभार क्षेत्रमा इन्सेकले अनुगमन गरेको छ । हालसम्म गाविस सचिवहरू गाउँ नआएको र जनधनको क्षतिका बारेमा विवरण संकलन कार्य नगरेको भन्दै स्थानीयले दुखेसो पोखेका छन् ।
- इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमको नेतृत्वको टोलीले सिन्धुपाल्चोकका भूकम्पपीडित परिवार र स्थानीय प्रशासनसँग भेटघाट र छलफल गरेको छ । इन्सेकको टोलीले चौतारा नपा-१ पिपलडाँडामा रहेका पीडितहरूसँग भेटघाट गरी खाद्य तथा सरसफाइका केही अत्यावश्यक राहत सामग्री वितरण गरेको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline